# सूचनाको हक सम्वन्धी ऐन २०६४ को दफा ५ (३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

सूचना सार्वजनिक गरेको अवधि: २०८२ माघ देखि २०८२ चैत्र मसान्त सम्म

गण्डकी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

पोखरा, नेपाल

## १. निकायको स्वरुप र प्रकृति

नेपालको संविधान २०७२ को कार्यान्वयन पश्चात नेपाल एकात्मक राज्यप्रणालीको परम्परागत स्वरुपबाट परिमार्जित भई संघीय लोकतान्त्रिक राज्यमा रुपान्तरण हुन पुगेको छ। र वर्तमान संविधानले देशलाई संघीय शासन प्रणालीमा रुपान्तरण गरी संघ, प्रदेश र स्थानिय सरकारको ब्यवस्था गरेको छ । सहकार्य, सह अस्तित्व र समन्वयमा आधारित सिद्धान्तले संविधानको प्रस्तावनाले परिलक्षित गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यम द्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धि प्राप्तिको दिगोपनाको सवल आधार स्तम्भको रुपमा परिकल्पना गरेको छ गण्डकी प्रदेश सरकारले प्रदेश सरकार मातहत रहने गरि विभिन्न मन्त्रालयहरुको स्थापना गर्ने क्रममा २०७८ जेष्ठ ५ गते स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, गण्डकी प्रदेशको स्थापना भएको हो ।

## २. मन्त्रालयको संगठन संरचना :

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको संगठन संरचना देहाय बमोजिम रहेको छ ।

## (१) स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखराको प्रस्तावित संगठन संरचना:

### मन्त्री

**निजी सचिवालय**
- प्रशासकीय अधिकृत, तह ७/८ (प्र.प्र./प्र.) – १

### प्रदेश सचिव
स्वास्थ्य सेवा - १

**निजी सचिवालय**
- बरिष्ठ प्रशासन सहायक, तह ५/६ (प्र.प्र./प्र.) - १

### अतिरिक्त प्रदेश सचिव
एघारौं तह (प्रदेश स्वास्थ्य सेवा, ज.हे.स. समूह) - १

**प्रदेश स्वास्थ्य आपतकालीन एवं सूचना तथा सञ्चार केन्द्र**
- स्वास्थ्य प्रशासक, तह ९/१० (प्र.स्वा./प.हे.ए.) – १
- स्वास्थ्य शिक्षा अधिकृत, तह ७/८ (प्र.स्वा./हे.ए.) – १

### नीति, योजना तथा जनस्वास्थ्य महाशाखा
- जनस्वास्थ्य प्रशासक, तह ९/१० (प्र.स्वा./हे.ई.) - १

**योजना, अनुगमन तथा जनसंख्या शाखा**
- जनस्वास्थ्य अधिकृत, तह ७/८ (प्र.स्वा./हे.ई.) – १
- डेमोग्राफर/तथ्यांक अधिकृत, तह ७/८ (प्र.प्र/वि.) - १
- कम्प्युटर अपरेटर/अधिकृत, तह ५/६ (प्र.प्र./वि.) - १

**जनस्वास्थ्य तथा परिवार कल्याण शाखा**
- जनस्वास्थ्य अधिकृत, तह ७/८ (प्र.स्वा./हे.ई.) – १
- कम्युनिटि नर्सिङ अधिकृत, तह ७/८ (प्र.स्वा./क.न./प.हे.न.) – १

### चिकित्सा सेवा महाशाखा
- स्वास्थ्य प्रशासक, तह ९/१० (प्र.स्वा./प.हे.ए) - १

**गुणस्तर मापन तथा नियमन शाखा**
- मेडिकल अधिकृत, तह ८ (प्र.स्वा./ज.हे.स.) – १
- मेडिकल रेकर्ड सुपरभाइजर, तह ५/६/७ (प्र.स्वा./मे.रे) - १

**आयुर्वेद तथा बैकल्पिक चिकित्सा शाखा**
- आयुर्वेद चिकित्सक, तह ८ (प्र.स्वा./आयुर्वेद) - १

**नर्सिङ तथा सामाजिक सुरक्षा शाखा**
- कम्युनिटि नर्सिङ अधिकृत, तह ७/८ (प्र.स्वा./क.न./प.हे.न.) – १

### प्रशासन महाशाखा
- उपसचिव, तह ९/१० (प्र.प्र./प्र.) - १

**प्रशासन शाखा**
- प्रशासकीय अधिकृत, तह ७/८ (प्र.प्र./प्र.) - १
- बरिष्ठ प्रशासन सहायक, तह ५/६ (प्र.प्र./प्र.) - १
- कम्प्युटर अपरेटर/अधिकृत, तह ५/६ (प्र.प्र./वि.) - १
- हलुका सवारी चालक, तह २ (प्र.प्र./वि.) – ५
- कार्यालय सहयोगी, तह १ (प्र.प्र./वि.) – ५

**आर्थिक प्रशासन शाखा**
- लेखा अधिकृत, तह ७/८ (प्र.प्र./लेखा) – १

**कानून तथा फैसला कार्यान्वयन शाखा**
- कानून अधिकृत, तह ७/८ (प्रदेश कानून) – १

**नोटः** सवारी चालक र कार्यालय सहयोगीको पद रिक्त रहेमा सेवा करार मार्फत पदपूर्ति गर्ने।

(१) स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखराको प्रस्तावित दरवन्दी तेरिज:

| क्र. सं | पद | तह | सेवा | समूह / उपसमूह | मौजुदा दरवन्दी | थप दरवन्दी | घट दरवन्दी | खुद कायम दरवन्दी | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रदेश सचिव | ११ | स्वास्थ्य | - | १ | | | १ | |
| २ | अतिरिक्त प्रदेश सचिव | ११ | प्रदेश स्वास्थ्य | जनरल हेल्थ सर्भिसेज | | १ | | १ | |
| ३ | उपसचिव | ९/१० | प्रदेश प्रशासन | प्रशासन | १ | | | १ | |
| ४ | जनस्वास्थ्य प्रशासक | ९/१० | प्रदेश स्वास्थ्य | हेल्थ इन्स्पेक्सन | १ | | | १ | |
| ५ | स्वास्थ्य प्रशासक | ९/१० | प्रदेश स्वास्थ्य | पब्लिक हेल्थ एडमिनिष्ट्रेशन | १ | १ | | २ | |
| ६ | स्वास्थ्य शिक्षा प्रशासक | ९/१० | प्रदेश स्वास्थ्य | हेल्थ एजुकेशन | १ | | १ | ० | |
| ७ | आयुर्वेद चिकित्सक | ८ | प्रदेश स्वास्थ्य | आयुर्वेद / जनरल आयुर्वेद | १ | | | १ | |
| ८ | मेडिकल अधिकृत | ८ | प्रदेश स्वास्थ्य | जनरल हेल्थ सर्भिसेज | १ | | | १ | |
| ९ | कम्युनिटि नर्सिङ अधिकृत | ७/८ | प्रदेश स्वास्थ्य | क.न. वा प.हे.न. | १ | १ | | २ | |
| १० | कानून अधिकृत | ७/८ | प्रदेश कानून | - | १ | | | १ | |
| ११ | जनस्वास्थ्य अधिकृत | ७/८ | प्रदेश स्वास्थ्य | हेल्थ इन्स्पेक्सन | २ | | | २ | |
| १२ | डेमोग्राफर / तथ्याङ्क अधिकृत | ७/८ | प्रदेश प्रशासन | विविध | १ | | | १ | |
| १३ | नर्सिङ अधिकृत | ७/८ | प्रदेश स्वास्थ्य | जनरल नर्सिङ | १ | | १ | ० | |
| १४ | प्रशासकीय अधिकृत | ७/८ | प्रदेश प्रशासन | प्रशासन | २ | | | २ | |
| १५ | फार्मेसी अधिकृत | ७/८ | प्रदेश स्वास्थ्य | फार्मेसी | १ | | १ | ० | |
| १६ | लेखा अधिकृत | ७/८ | प्रदेश प्रशासन | लेखा | १ | | | १ | |
| १७ | स्वास्थ्य शिक्षा अधिकृत | ७/८ | प्रदेश स्वास्थ्य | हेल्थ एजुकेशन | १ | | | १ | |
| १८ | कम्प्युटर अपरेटर/अधिकृत | ५/६ | प्रदेश प्रशासन | विविध | २ | | | २ | |
| १९ | मेडिकल रेकर्ड सुपरभाइजर | ५/६/७ | प्रदेश स्वास्थ्य | मेडिकल रेकर्ड | १ | | | १ | |
| २० | वरिष्ठ प्रशासन सहायक | ५/६ | प्रदेश प्रशासन | प्रशासन | २ | | | २ | |
| २१ | हलुका सवारी चालक | २ | प्रदेश प्रशासन | विविध | ५ | | | ५ | |
| २२ | कार्यालय सहयोगी | १ | प्रदेश प्रशासन | विविध | ५ | | | ५ | |
| | जम्मा | | | | ३३ | ३ | ३ | ३३ | |

## ३. निकायको काम कर्तब्य र अधिकार :

गण्डकी प्रदेश सरकारको (कार्यविभाजन) नियमावली,२०७४ बमोजिम स्वास्थ्य मन्त्रालयको काम,कर्तब्य र अधिकार देहाय बमोजिम रहेको छ ।

१. स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन

२. प्रदेशस्तरमा आवश्यक पर्ने प्रर्वद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुर्नस्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन

३. स्वास्थ्यसेवा सम्वन्धी प्रदेशस्तरीय प्राज्ञिक, व्यवसायिक र पेसागत संघ संस्थाको दर्ता, सञ्चालन अनुमति र नियमन

४. प्रदेशस्तरीय स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, अनुगमन र नियमन

५. राष्ट्रिय मापदण्ड बमोजिम औषधीजन्य तथा स्वास्थ्य प्रविधि सम्वन्धी सामग्रीको उत्पादन तथा संचय, अधिकतम खुद्रा मूल्य निर्धारण, अन्तिम बिसर्जन, गुणस्तर तथा मापदण्ड निर्धारण र त्यस्ता सामग्री उत्पादन गर्ने उद्योगको दर्ता, सञ्चालन, अनुमति र नियमन

६. राष्ट्रिय मापदण्ड अनुरुप अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र, उपचार केन्द्र र अन्य स्वास्थ्य संस्था तथा प्रयोगशालाको दर्ता, सञ्चालन, अनुमति र नियमन

७. राष्ट्रिय मापदण्ड बमोजिम स्वास्थ्य बीमा लगायतका सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको व्यवस्थापन तथा नियमन

८. प्रदेशस्तरीय स्वास्थ्य क्षेत्रको मानवस्रोत विकास र व्यवस्थापन

९. औषधी निगरानी (Pharmacovigilance), औषधिको उचित प्रयोग र सुक्ष्म जीवनिरोधक प्रतिरोध (Antimicrobial Resistance) न्युनीकरण

१०. खोप र परिवार नियोजन

११. संवेदनशील औषधी तथा अन्य स्वास्थ्य सामग्री खरिद तथा आपूर्ति व्यवस्थापन

१२. प्रदेशस्तरमा स्वास्थ्य सेवा सम्बन्धी अध्ययन तथा अनुसन्धान तथा सूचना प्रणाली, स्वास्थ्य लेखा पद्धतिको संस्थागत व्यवस्थापन, सूचना प्रवाह

१३. प्रदेशस्तरीय जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स) व्यवस्थापन

१४. सूर्ति, मदिरा र लागुपदार्थजन्य वस्तुको मापदण्ड, नियन्त्रण तथा नियमन

१५. स्वास्थ्य क्षेत्रमा आपत्कालीन अवस्था, विपद् र महामारी व्यवस्थापन, आकस्मिक स्वास्थ्य सेवा प्रवाह, आपतकालीन अवस्थाका लागि औषधी तथा औषधीजन्य सामग्रीको प्रादेशिक बफरस्टक व्यवस्थापन

१६. सरुवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम

१७. राष्ट्रिय मापदण्ड अनुरुप स्वास्थ्य सेवा सम्वन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन

१८. स्वास्थ्यजन्य फोहोर व्यवस्थापन सम्वन्धी मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन

१९. आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका अन्य प्रचलित परम्परागत स्वास्थ्य उपचार सेवा सम्वन्धी प्रदेशस्तरीय मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियमन

२०. जनसंख्या, बसाइसराइ र परिवार नियोजन सम्बन्धी प्रदेश नीति, कानून तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन ।

२१. जनसंख्या, बसाइसराइ र परिवार नियोजन सम्बन्धी अध्ययन तथा अनुसन्धान, सूचना प्रणालीको स्थापना र सञ्चालन, क्षमता अभिवृद्धि र स्वास्थ्य, जनसंख्या, बसाइसराइ र परिवार नियोजन सम्वन्धी राष्ट्रिय र प्रादेशिक संस्थाहरुसँगको सम्पर्क र समन्वय

## ४. निकायमा रहेका पदाधिकारी तथा कर्मचारी संख्या र कार्य विवरण

| सि. नं. | कर्मचारी/पदाधिकारीको नाम,थर | पद/तह/श्रेणी | महाशाखा/शाखा | कैफियत |
|---|---|---|---|---|
| १ | लक्ष्मण वहादुर पाण्डे | मन्त्री | स्वास्थ्य मन्त्रालय | |
| २ | डा. युवा निधि बसौला | सचिव (स्वास्थ्य, ११ औ) | स्वास्थ्य मन्त्रालय | |
| ३ | खिम बहादुर खड्का | अतिरिक्त प्रदेश सचिव | स्वास्थ्य मन्त्रालय | |
| ४ | प्रदिप कुमार रेग्मी | उपसचिव | प्रशासन महाशाखा | |

| | | | | |
|---|---|---|---|---|
| ५ | सुरज गुरौ | जन स्वास्थ्य प्रशासक | नीति योजना तथा जनस्वास्थ्य महाशाखा | |
| ६ | डा. रमेश कुमार के सी | स्वास्थ्य प्रशासक | चिकित्सा सेवा महाशाखा | |
| ७ | डा. रोशन ढकाल | स्वास्थ्य प्रशासक | प्रदेश स्वास्थ्य आपतकालिन एवं सूचना तथा सञ्चार केन्द्र | |
| ८ | डा. भारती मेहता | मेडिकल अधिकृत | गुणस्तर मापन तथा नियमन शाखा | |
| ९ | डा. उत्सव पौडेल | आयुर्वेद चिकित्सक | आयुर्वेद तथा बैकल्पिक चिकित्सा शाखा | |
| १० | प्रशान्त राज शर्मा | बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत | प्रदेश स्वास्थ्य आपतकालिन एवं सूचना तथा सञ्चार केन्द्र | |
| ११ | सूर्य प्रसाद अधिकारी | बरिष्ठ लेखा अधिकृत | आर्थिक प्रशासन शाखा | |
| १२ | दिवाकर शर्मा | तथ्याङ्क अधिकृत | योजना,अनुगमन तथा जनसंख्या शाखा | |
| १३ | मन कुमारी ओझा | ब.कम्युनिटि नर्सिङ अधिकृत | जनस्वास्थ्य तथा परिवार कल्याण शाखा | |
| १४ | खुमा देवी रेग्मी | शाखा अधिकृत | प्रशासन शाखा | |
| १५ | अनुराधा तिमिल्सिना | कम्युनिटि नर्सिङ अधिकृत | नर्सिङ तथा सामाजिक सुरक्षा शाखा | |
| १६ | ज्ञान बहादुर बि. सी. | जनस्वास्थ्य अधिकृत | जनस्वास्थ्य तथा परिवार कल्याण शाखा | |
| १७ | असिम पौडेल | प्रशासकीय अधिकृत | प्रशासन शाखा | |
| १८ | कुसुमशीला भट्ट | जनस्वास्थ्य अधिकृत | योजना,अनुगमन तथा जनसंख्या शाखा | |
| १९ | सुजाता पोखेल | जनस्वास्थ्य अधिकृत | प्रदेश स्वास्थ्य आपतकालिन एवं सूचना तथा सञ्चार केन्द्र | |
| २० | मनोज ढकाल | जनस्वास्थ्य अधिकृत | नीति योजना तथा जनस्वास्थ्य महाशाखा | |
| २१ | सुनिल कोईराला | जनस्वास्थ्य अधिकृत | चिकित्सा सेवा महाशाखा | |
| २२ | प्रकाश बराल | कम्प्यूटर अधिकृत | प्रशासन शाखा | |
| २३ | तेज प्रसाद निउरे | सहायक प्रशासकिय अधिकृत | मा. मन्त्रीज्यूको सचिवालय | |
| २४ | जयसोर भुसाल | सि अ हे व अधिकृत | मा. मन्त्रीज्यूको सचिवालय | |
| २५ | भुपेन्द्र ढकाल | सहायक प्रशासकिय अधिकृत | प्रशासन शाखा | |
| २६ | बुद्धिसागर अधिकारी | मेडिकल रेकर्ड निरिक्षक | गुणस्तर मापन तथा नियमन शाखा | |
| २७ | सन्देश तिमिल्सिना | अधिकृत स्तर | मा. मन्त्रीज्यूको सचिवालय | |
| २८ | यादव प्रसाद पौडेल | सहायक स्तर | मा. मन्त्रीज्यूको सचिवालय | |
| २९ | भगवान थापा | हलुका सवारी चालक | प्रशासन शाखा | |
| ३० | तिल बहादुर गुरुङ | हलुका सवारी चालक | प्रशासन शाखा | |
| ३१ | सन्तोष गुरुङ | हलुका सवारी चालक | प्रशासन शाखा | |
| ३२ | पुष्पराज सुवेदी | हलुका सवारी चालक | प्रशासन शाखा | |
| ३३ | सन्तोष बस्नेत | हलुका सवारी चालक | प्रशासन शाखा | |

| | | | | |
|---|---|---|---|---|
| ३४ | मन कुमारी पौडेल | कार्यालय सहयोगी | प्रशासन शाखा | |
| ३५ | दलिमा घर्ति पुन | कार्यालय सहयोगी | प्रशासन शाखा | |
| ३६ | बैकुण्ठ भण्डारी | कार्यालय सहयोगी | प्रशासन शाखा | |
| ३७ | बिष्णु प्रसाद दवाडी | कार्यालय सहयोगी | प्रशासन शाखा | |
| ३८ | लक्ष्मी पौडेल | कार्यालय सहयोगी | प्रशासन शाखा | |

## ५. निकायबाट प्रदान गरिने सेवा

| महाशाखाको नाम | प्रदान गरिने सेवा | कैफियत |
|---|---|---|
| **प्रशासन तथा योजना महाशाखा** | | |
| (क) प्रशासन शाखा | ▪ मन्त्रालय अन्तर्गतका कर्मचारीहरूको नियुक्ति ।<br>▪ मन्त्रालय अन्तर्गतका कर्मचारीहरूको सरूवा तथा बढुवा<br>▪ मन्त्रालय अन्तर्गतका कर्मचारीहरूको विभागिय कारवाही ।<br>▪ मन्त्रालय अन्तर्गतका कर्मचारीहरूको कार्य सम्पादन मूल्यांकन तथा रेकर्ड सम्बन्धी कार्य।<br>▪ मन्त्रालयका कार्यक्रमहरूको योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन सम्वन्धी कार्य।<br>▪ मन्त्रालयको स्टोर, सरकारी सम्पतिको संरक्षण तथा सवारी सम्बन्धी कार्य<br>▪ माननीय मन्त्रीज्यूको सचिवालय सम्बन्धी कार्य<br>▪ सूचना तथा प्रविधिको विकास सम्बन्धी कार्य<br>▪ दर्ता चलानी र अन्य शाखालाई नतोकिएका भैपरी आउने कार्य। | |
| (ख) आर्थिक प्रशासन शाखा | ▪ मन्त्रालयको वार्षिक वजेट बजेट तयार गर्ने,<br>▪ मन्त्रालय सम्वद्ध तथा मातहतका निकायहरुलाई प्रदान गरिने साधारण तथा विकास वजेट निकासा तथा अन्तर निकाय समन्वय सम्वन्धी कार्य गर्ने,<br>▪ प्रशासन शाखाको सहयोग लिइ कर्मचारीको तलवी प्रतिवेदन पारित गरी तलब भत्ता उपलब्ध गराउने,<br>▪ बजेट निकासा, खर्च तथा लेखा नियन्त्रण सम्बन्धी कार्य<br>▪ खर्चको श्रेश्ता राखि लेखापरीक्षण , बेरुजु फछ्र्यौटसम्परीक्षण गर्ने गराउने, | |

| | | |
|---|---|---|
| | ▪ विनियोजित वजेटको अधिनमा रहि अधिकार प्राप्त अधिकारीको स्वीकृतीमा खर्च गर्ने,<br>▪ भए गरेका खर्चको अभिलेखिकरण गर्ने,<br>▪ आर्थिक प्रशासन शाखासंग सम्वन्धित अन्य कार्यहरु गर्ने । | |
| (ग) कानून तथा फैसला कार्यान्वयन शाखा | ▪ मन्त्रालयको कार्यक्षेत्र भित्र पर्ने विषयमा एन नियमको मश्यौदा तयार गर्ने<br>▪ मन्त्रालयसँग सम्बन्धित पर्न आएका मुद्धा मामिलाहरु सम्बन्धी आवश्यक कार्य गर्ने,<br>▪ मन्त्रालयका सवै शाखा महाशाखाहरुलाई कानुनी राय परामर्श दिने<br>▪ मन्त्रालयका सूचनाहरु राजपत्रमा प्रकाशन गर्ने व्यवस्था मिलाउने,<br>▪ मन्त्रालयका सवै शाखासंग समन्वय गरी नागरिक वडापत्रको व्यवस्थापन गर्ने,<br>कानून तथा फैसलासंग सम्वन्धित अन्य कार्यहरु | |
| **नीति,योजना,जनस्वास्थ्य तथा जनसंख्या शाखा** | | |
| (क) योजना,समन्वय तथा जनसंख्या शाखा | ▪ मन्त्रालय एवं अन्तर्गतका निकायको लागि आवधिक योजना तथा वार्षिक बजेट र कार्यक्रम सम्वन्धी कार्य,<br>▪ संघ, प्रदेश र स्थानीय तहबीचको योजना प्रणालीबीच समन्वय र तादाम्यता सम्बन्धी कार्य,<br>▪ प्रादेशिक तथा स्थानीय तहको आवधिक योजना तथा बजेट, मध्यकालिन खर्च संरचना तथा रणनीतिक योजना तर्जुमा सम्बन्धी कार्य,<br>▪ अन्तर-स्थानीय तह विकास योजना, परियोजना र कार्यक्रमको समन्वय र सहजिकरण,<br>▪ स्थानीय पूर्वाधार विकास सम्बन्धी नीति, कानून, मापदण्ड, प्रविधि विकास र अनुसन्धान सम्बन्धी कार्य,<br>▪ दिगो विकास लक्ष्य (Sustainable Development Goals) हाँसिल गर्ने सम्बन्धमा स्थानीय तहलाई सहयोग र समन्वय,<br>▪ स्थानीय तहको वस्तुगत विवरण, योजनागत तथ्यांक, प्रगति समिक्षा र प्रतिवेदन अभिलेखीकरण सम्बन्धी कार्य, | |

| | | |
|---|---|---|
| | ▪ अनुगमन तथा मूल्याङ्कन सम्बन्धी नीति, कानून, मापदण्ड, सूचक र कार्यक्रम तर्जुमा, एवं कार्यान्वयनमा समन्वय,<br>▪ अनुगमन तथा मूल्याङ्कनका सूचकहरूको आधारमा कार्यक्रम र आयोजनाको नियमित अनुगमन एवं मूल्याङ्कन सम्बन्धी कार्य,<br>▪ वार्षिक एवं चौमासिक प्रगति विवरणहरूको संकलन, विश्लेषण एवम् पृष्ठपोषण सम्वन्धी कार्य,<br>▪ आयोजना कार्यान्वयनमा देखिएका समस्या समाधान गर्न मन्त्रालयस्तरीय समस्या समाधान समिति सम्बन्धी कार्य,<br>▪ वार्षिक तथा आवधिक आयोजनाहरूको अद्यावधिक अभिलेख राख्ने तथा समीक्षा गर्ने र देखिएका बाधा अड्चन फुकाउने सम्बन्धमा आवश्यक कारवाही गर्ने सम्बन्धी कार्य<br>▪ तथ्यांक अद्यावधिक सम्बन्धी कार्य<br>▪ मन्त्रालयलाई आवश्यक बिभिन्न प्रकारका तथ्याङ्कहरु ब्यवस्थापन गरि आवश्यकता अनुसार उपलब्ध गराउने कार्य।<br>▪ जनसङख्या तथा बसाइँसराइ सम्बन्धी नीति, ऐन, नियम , योजना र कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्ने कार्य।<br>▪ जनसङख्या नीति निर्माण, निर्देशिका तर्जुमा र समन्वय गर्ने ।<br>▪ जनसंख्या विषयका अध्ययन तथा अनुसन्धानका लागि बिभिन्न विश्वविधालयसंग समन्वय गर्ने।<br>▪ प्रजनन, जन्म,मृत्यु, विवाह र बसाइँसराय (आन्तरिक/बाह्य) जस्ता जनसङख्याका विविध पक्षहरुमा दीर्घकालीन, आवधिक वा वार्षिक कार्यक्रमहरु तर्जुमा कार्यान्वयन, अनुगमन तथा मूल्याङकन गर्ने ।<br>▪ जनसाङख्यिक सूचना सामाग्रीहरुको व्यवस्थापन,प्रयोग गर्ने र आवश्यकता अनुसार अनुमान एवं प्रक्षेपण लगायतका कार्य गर्ने । | |

| | | |
|---|---|---|
| (ख) परिवार कल्याण तथा पब्लिक हेल्थ सर्भिलेन्स शाखा | ▪ प्रदेशस्तरमा खोप तथा खोपजन्य सामग्री आपूर्ति तथा वितरण योजना तयार गर्ने ।<br>▪ मातृ तथा नवशिशु स्वास्थ्य अवस्थाको विश्लेषण गरि प्रादेशिक नीति निर्माणमा प्राविधिक सहयोग गर्ने ।<br>▪ मातृ तथा नवशिशु सम्बन्धी प्राथमिकताका कार्यक्रमहरुको कार्यान्वयनका लागि समन्वय र सहजिकरण गर्ने ।<br>▪ आकस्मीक प्रसुती सेवा तथा २४ घण्टे बर्थिङ सेन्टरको विस्तार मार्फत सेवा पहुँचमा अभिवृद्धि गर्नुका साथै गुणस्तरिय सेवा प्रदान गर्न सम्वद्ध निकायलाई आवश्यक सहयोग गर्ने कार्य,<br>▪ गर्भवती तथा सुत्केरी अवस्थामा हुने जटिलता ब्यवस्थापनका लागि हवाई उद्धार कार्यक्रमलाई सहयोग गरि हवाई उद्धार कार्यलाई सहजिकरण गर्ने कार्य,<br>▪ प्रदेशस्तरमा परिवार योजना सम्बन्धि नीति, रणनीति, निर्देशिका, गुणस्तर मापदण्ड तथा प्रोटोकलहरु तयार गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई सहयोग गर्ने ।<br>▪ प्रादेशिकस्तरमा परिवार नियोजन सेवाको अवस्थाको विश्लेषण गरि नीति निर्माणमा प्राविधिक सहयोग गर्ने ।<br>▪ प्रदेशस्तरमा प्रजनन् स्वास्थ्य सम्बन्धि नीति, रणनीति, निर्देशिका, गुणस्तर मापदण्ड तथा प्रोटोकलहरु तयार गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई सहयोग गर्ने ।<br>▪ किशोर किशोरी स्वास्थ्य सम्बन्धि अध्ययन अनुसन्धान तथा कार्यक्रमहरु तर्जुमा, कार्यान्वियन, अनुगमन तथा मुल्यांकनमा सहयोग गर्ने ।<br>▪ आङ खस्ने समस्या, लैगिंक हिंसा, प्रजनन स्वास्थ्य लगायतका विषयमा अनुसन्धान, कार्यक्रम तर्जुमा, कार्यान्वियन, अनुगमन तथा मुल्यांकनमा सहयोग गर्ने ।<br>▪ पोषण प्रवर्धनको लागि आवश्यक समन्वय गर्ने। | |

| | | |
|---|---|---|
| | ▪ पोषण अवस्थाको विश्लेषण गरि प्रादेशिक नीति निर्माणमा प्राविधिक सहयोग गर्ने ।<br>▪ पोषण सम्बन्धि कार्यक्रमहरु निर्माण तथा कार्यान्वयन गर्न सहजिकरण गर्ने ।<br>▪ जनस्वास्थ्य सरोकारका रोगहरु जस्तै नसर्ने रोग, महामारी आदिको सर्भिलेन्स प्रणाली व्यवस्थापन गर्ने ।<br>▪ मेडिकल रेकर्ड/इलेक्ट्रोनिक मेडिकल रेकर्ड र स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली व्यवस्थापन गर्ने ।<br>▪ रेकर्डिङ/रिपोर्टिङ्ग सम्बन्धी कार्य गर्ने, स्वास्थ्य तथ्यांक अद्यावधिक गर्ने ।<br>▪ सर्भिलेन्सका माध्यमबाट सर्ने/नसर्ने रोग सम्बन्धी जनचेतना हुने गरी Early Warning गराउने खालका बुलेटिन प्रकाशन गर्ने, सूचना प्रणालीको विकास गर्ने । | |
| चिकित्सा सेवा महाशाखा | | |
| (क)**गुणस्तर,नियमन,रोग नियन्त्रण तथा नर्सिङ शाखा** | ▪ सरकारी अस्पताल, निजी नर्सिङ होम र अस्पताल लगायतका स्वास्थ्य ससंस्थाहरु, मेडिकल कलेज, वैकल्पिक चिकित्सा, आयुर्वेद, प्रयोगशाला, रेडीयोलोजी तथा ईमेजीङ सेवा लगायतका सेवाहरुको मापदण्ड निर्धारण तथा कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्ने कार्य ।<br>▪ स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने स्वास्थ्य सेवाको प्रभावकारिता अध्ययन तथा मूल्याङ्कन गर्ने कार्य ।<br>▪ औषधी व्यवस्था सम्बन्धी नीति तथा गुणस्तर निर्धारण गर्ने कार्य ।<br>▪ सरकारी तथा निजी क्षेत्रबाट प्रवाहित स्वास्थ्य सम्बन्धी सेवाहरुको गुणस्तर निर्धारण, गुणस्तर नियमन गर्ने कार्य ।<br>▪ मापन मापदण्ड निर्धारण गरी सो को कार्यान्वयन भए नभएको लेखाजोखा गर्ने कार्य।<br>▪ स्वास्थ्य संस्था स्थापना सञ्चालन तथा स्तरोन्नती मापदण्ड सम्बन्धी निर्देशिका तयार गर्ने कार्य | |

| | | |
|---|---|---|
| | ▪ औषधि व्यवस्था विभाग र अन्तर्गतको नीतिगत विषय तथा चिकित्सा सम्बन्धी नीति,कार्यविधि, मापदण्ड तयार पार्ने कार्य<br>▪ स्वास्थ्य संस्थाहरुबाट प्रदान गर्ने सेवाको गुणस्तर मापन गर्ने कार्य।<br>▪ अस्पतालबाट न्यूनतम सेवा मापदण्डको पालना गरि स्थास्थ्य सेवा प्रदान गर्ने ब्यवस्था मिलाउने र सोको नियमन गर्ने कार्य।<br>▪ अस्पताल सेवा सञ्चालन सम्बन्धी मापदण्ड निर्धारण तथा कार्यान्वयनको व्यवस्था गर्ने ।<br>▪ मन्त्रालय र अन्तर्गतका अस्पताल लगायतका निकायमा प्रयोगमा आउने भौतिक सामाग्रीहरुको मापदण्ड निर्धारण तथा कार्यान्वयन मार्गदर्शन सम्बन्धि कार्य गर्ने ।<br>▪ मन्त्रालय र अन्तर्गत सरकारी, गैरसरकारी, अर्धसरकारी तथा समितिहरुबाट सञ्चालित कार्यक्रमहरुको सामयिक निरीक्षण गर्ने ।<br>▪ अस्पतालको मेशिनरी औजार तथा भौतिक व्यवस्था सम्बन्धमा आवश्यक मापदण्ड निर्धारण र नियमन गर्ने ।<br>▪ अन्तराष्ट्रिय स्वास्थ्य नियमन ( International Health Regulation ) सम्बन्धि कार्य गर्ने ।<br>▪ नर्सिङ सेवाको गुणस्तर कायम गर्नका लागि मापदण्ड तथा प्रोटोकल निर्धारण र नियमन गर्न सहजीकरण गर्ने<br>▪ गुणस्तरीय र दक्ष नर्सिङ जनशक्तिको उत्पादन तथा परिचालन गर्न आवश्यक नीति,ऐन,नियम,कानून, मापदण्ड, निर्देशिका जारी गर्न सहजीकरण गर्ने<br>▪ बैकल्पिक चिकित्सा क्षेत्रमा कार्यरत नर्सिङ सेवाको गुणस्तर मापदण्ड निर्धारण गरि क्षमता अभिवृद्धि गर्ने<br>▪ विशिष्टीकृत नर्सिङ सेवासम्बन्धि नीति,नियम, मापदण्ड निर्धारणका लागि समन्वय तथा सहजीकरण गर्ने | |

| | | |
|---|---|---|
| | ▪ स्वास्थ्य सेवा सम्बन्धी नीति,रणनीति तथा मापदण्ड निर्धारण गर्न सहयोग गर्ने ।<br>▪ जनरल तथा विशिष्टीकृत नर्सिङ शिक्षा र सेवाको गुणस्तर अभिवृद्धि गर्न अध्ययन अनुसन्धान मुलक कार्य गर्ने ।<br>▪ सामुदायीक नर्सिङ तथा मिडवाईफ्री शिक्षा र सेवाको गुणस्तर अविबृद्धि गर्न अध्ययन अनुसन्धानमुलक कार्यमा सहजीकरण गर्ने ।<br>▪ समुदायीक नर्सिङ सेवाको विकास र प्रबर्धनका लागि आवश्यक समन्वय तथा सहजीकरण गर्ने | |
| (ख)आयुर्वेद तथा बैकल्पिक चिकित्सा शाखा | ▪ जडिबुटि संरक्षण, सवंर्धन, प्रवधन र गुणस्तरीय आयुर्वेद औषधी उत्पादन र नियमनका लागि नीति तर्जुमाका लागि सम्बन्धित निकायहरुसंग समन्वय गर्ने ।<br>▪ आयूर्वेद सम्वन्धि सञ्चालित कार्यक्रमहरुको योजना तर्जुमा समन्वय र सहयोग गर्ने ।<br>▪ आयूर्वेद तथा वैकल्पिक चिकित्सा सेवा प्रवाह गर्ने संस्थाहरुको तथ्यांक अध्यावधिक गर्ने<br>▪ आयुर्वेद चिकित्सा सेवा सुद्दढिकरण सम्वन्धि कानून नीति मार्गदर्शन गुणस्तर तथा मापदण्ड निर्माण गर्न सहयोग गर्ने कार्य ।<br>▪ निजि तथा गैह्र सरकारी आयुर्वेद स्वास्थ्य संस्थाहरुको सञ्चालन स्विकृति सम्वन्धि नीति निर्देशिका मापदण्ड तयार गर्ने र सोहि बमोजिम स्विकृति प्रदान गर्ने कार्य ।<br>▪ आयुर्वेद अस्पताल फार्मेसि सेवा सञ्चालन सम्वन्धी मापदण्ड निर्धारण तथा कार्यान्वयनमा सहजिकरण गर्ने कार्य ।<br>▪ सरकारी तथा निजी संसहरुबाट संचालित आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाको प्रभावकारीताको अनुगमन तथा निरिक्षण तथा आवश्यक मागदर्शन। | |
| स्वास्थ्य शिक्षा तथा सूचना महाशाखा | | |
| (क) स्वास्थ्य प्रवर्धन तथा सूचना शाखा | ▪ स्वास्थ्य प्रवर्धन तथा स्थास्थ्य संचार सम्बन्धि कार्यहरु सञ्चालनका लागि सहजिकरण गर्ने कार्य । | |

| | | |
|---|---|---|
| | ▪ व्यवहार परिवर्तन संचारको लागि संबद्ध निकायसँगको समन्वयमा कार्यक्रम सञ्चालनका लागि सहजिकरण गर्ने कार्य ।<br>▪ स्वास्थ्य सम्वन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवसहरु मनाउने कार्य ।<br>▪ स्वास्थ्य सम्वन्धी सूचना संकलन, संग्रह, अभिलेख र प्रकाशन सम्बन्धी कार्य ।<br>▪ स्थानिय तहले अपनाएका स्वास्थ्य सम्वन्धी सफल कार्यक्रमको प्रचार प्रसार गरि अन्यलाई समेत त्यस्ता कार्यको अवलम्वन गर्न उत्प्रेरित गर्ने कार्य ।<br>▪ नेपाल सरकार र स्थानिय तहसंग समन्वय गरि स्वास्थ्य प्रवर्धन सम्वन्धी बिभिन्न कार्यक्रमहरु सञ्चालन गर्न समन्वय गर्ने कार्य । | |

**६. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :**

मन्त्रालयका महाशाखाहरुका जिम्मेवार कर्मचारीहरुको विवरण निम्न बमोजिम रहेको छ ।

| सि. नं. | महाशाखा | महाशाखा प्रमुख | कैफियत |
|---|---|---|---|
| १ | प्रशाशन | प्रदिप कुमार रेग्मी | उपसचिव (प्रशासन) |
| २ | नीति,योजना, जनस्वास्थ्य तथा जनसंख्या | सुरज गुरौ | जन स्वास्थ्य प्रशासक |
| ३ | चिकित्सा सेवा | डा. रमेश कुमार के सी | स्वास्थ्य प्रशासक |

**७. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि**

सेवाको प्रकृति नागरिक वडापत्र अनुसार हुने छ ।

**८. निर्णय प्रकृया र अधिकार**

| सि. नं. | बिवरण | निर्णयकर्ता | कैफियत |
|---|---|---|---|
| १ | महाशाखागत कार्य | महाशाखा प्रमुख | |
| २ | मन्त्रालयको समग्र प्रशासनिक बिषय | प्रदेश सचिव | |
| ३ | नीतिगत निर्णय | माननीय मन्त्री | |

**९. निर्णय उपर उजुरी सुन्ने अधिकारी**

**नाम :** डा. युवा निधि बसौला

**पद :** प्रदेश सचिव

**१०. सम्पादन गरेको कामको विवरण**

आ.व. २०८२/०८३ को पुष मसान्त सम्मको अवधिमा हासिल भएका मुख्य मुख्य उपलब्धी तथा कार्यक्रमको प्रगति बिवरण निम्मानुसार रहेको छ ।

**११. सूचना अधिकारी र प्रमुखको नाम र पद**

**प्रमुख :** डा. युवा निधि बसौला

**पद :** सचिव

**सूचना अधिकारी :** प्रशान्त राज शर्मा

**पद :** बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत (आठौ)

## १२. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

## १३. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्वन्धी अद्यावधिक विवरण

आर्थिक वर्ष २०८२/८३

(महिना देखि : श्रावण महिना सम्म : चैत्र) (रु.हजारमा)

| क्र.स. | बजेट कोड | बजेट उपशीर्षक | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| १ | ३७०००००११ | स्वास्थ्य मन्त्रालय | १६४२५१ | १४७०० | १७८९५१ | ६०७२० | १६१ | ६०८८१ | ३६.९७ | १.०९ | ३४.०२ |
| २ | ३७००१०११ | प्रादेशिक स्वास्थ्य निर्देशनालय | ४७०८७ | ३२०० | ५०२८७ | ७४८८ | ३५४ | ७८४२ | १५.९ | ११.०५ | १५.५९ |
| ३ | ३७००१०१२ | प्रादेशिक क्षयरोग नियन्त्रण केन्द्र | ३६७८० | १००० | ३७७८० | १५२८४ | ० | १५२८४ | ४१.५५ | ० | ४०.४५ |
| ४ | ३७००१०१३ | प्रादेशिक जनरल तथा सरुवा रोग अस्पताल | ६१८७१ | ५१५०० | ११३३७१ | ३८५४९ | १५५३२ | ५४०८१ | ६२.३१ | ३०.१६ | ४७.७ |
| ५ | ३७००१०१४ | अस्पतालहरु | ८९७४१६ | २७०९०० | ११६८३१६ | ४१५४७१ | १७३५७ | ४३२८२८ | ४६.३ | ६.४१ | ३७.०५ |
| ६ | ३७००१०१५ | आयूर्वेद चिकित्सालयहरु | १७०२९१ | ५४९५० | २२५२४१ | ७२४१६ | ३०१२ | ७५४२८ | ४२.५२ | ५.४८ | ३३.४९ |
| ७ | ३७००१०१६ | प्रदेश जनस्वास्थ्य कार्यालय | २९६६५१ | ६३५०० | ३६०१५१ | ११६८११ | १८६२ | ११८६७३ | ३९.३८ | २.९३ | ३२.९५ |
| ८ | ३७००२०११ | प्रादेशिक स्वास्थ्य तालिम केन्द्र | ३४२३२ | २२०० | ३६४३२ | १४५०२ | ० | १४५०२ | ४२.३६ | ० | ३९.८ |
| ९ | ३७००३०११ | प्रादेशिक स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र | ११९३२५ | २५१९०० | ३७१२२५ | २२१५१ | ० | २२१५१ | १८.५६ | ० | ५.९७ |
| १० | ३७००४०११ | प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | ४३८८६ | ८९०० | ५२७८६ | १६३६७ | ० | १६३६७ | ३७.२९ | ० | ३१.०१ |
| ११ | ३७०९११०११ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम (संघ सशर्त) | १६०००० | १८००० | १७८००० | ११०३९६ | ० | ११०३९६ | ६९ | ० | ६२.०२ |
| १२ | ३७०९११०१२ | क्षयरोग नियन्त्रण (संघ सशर्त) | १८२०० | ० | १८२०० | ४८५८ | ० | ४८५८ | २६.६९ | | २६.६९ |
| १३ | ३७०९११०१३ | एड्स तथा यौन रोग नियन्त्रण (संघ सशर्त) | ११३०० | ० | ११३०० | ४०७७ | ० | ४०७७ | ३६.०८ | | ३६.०८ |
| १४ | ३७०९११०१४ | परिवार कल्याण कार्यक्रम (संघ सशर्त) | ३४९९०० | २१०० | ३५२००० | ९५५६३ | ६९३ | ९६२५५ | २७.३१ | ३२.९८ | २७.३५ |
| १५ | ३७०९११०१५ | महामारी रोग नियन्त्रण कार्यक्रम (संघ सशर्त) | ३४६०० | ० | ३४६०० | ३०६७ | ० | ३०६७ | ८.८६ | | ८.८६ |
| १६ | ३७०९११०१६ | अपाङ्गता रोकथाम तथा कुष्ठरोग नियन्त्रण कार्यक्रम (संघ सशर्त) | ६९०० | ० | ६९०० | १२८१ | ० | १२८१ | १८.५६ | | १८.५६ |
| १७ | ३७०९११०१७ | स्वास्थ्य ब्यवस्थापन कार्यक्रम (संघ सशर्त) | २८१०० | ० | २८१०० | ७२३९ | ० | ७२३९ | २५.७६ | | २५.७६ |
| १८ | ३७०९११०१८ | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र (संघ सशर्त) | ११८०० | ० | ११८०० | १०६३ | ० | १०६३ | ९.०१ | | ९.०१ |
| १९ | ३७०९११०१९ | उपचारात्मक सेवा कार्यक्रम (संघ सशर्त) | ४३८०० | ० | ४३८०० | ६२२३ | ० | ६२२३ | १४.२१ | | १४.२१ |
| २० | ३७०९११०२० | नर्सिङ तथा सामाजकि सुरक्षा सेवा कायिक्रम (संघ सशर्त) | ४८५०० | ० | ४८५०० | १५२८६ | ० | १५२८६ | ३१.५२ | | ३१.५२ |

| क्र.स. | बजेट कोड | बजेट उपशीर्षक | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| २१ | ३७०९१०२१ | आयुर्वेद सेवा कार्यक्रम (संघ सशर्त) | २९३०० | ० | २९३०० | १९५५१ | ० | १९५५१ | ६६.७३ | | ६६.७३ |
| कुल जम्मा | | | २६१४१९० | ७४२८५० | ३३५७०४० | १०४८३६३ | ३८९७१ | १०८७३३३ | ४०.१ | ५.२५ | ३२.३९ |

१४. **तोकिए बमोजिमका अन्य विवरण** – नरहेको

**अघिल्लो आर्थिक बर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालनको विवरण** – नभएको

१५. **सार्वजनिक निकायको वेवसाईट भए सोको विवरण** – www.moh.gandaki.gov.np

**१६. सार्वजनिक निकायले बर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना**

- मन्त्रालयले सूचनाको बर्गिकरण नगरेको ।

**१७. सार्वजनिक निकायमा परेका सूचना माग सम्वन्धी निवेदन र सूचना उपलब्ध गराएको**

| सूचना मागको निवेदन संख्या | सूचना उपलब्ध गराईएको संख्या | कैफियत |
|---|---|---|
| | | |

१८. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण मन्त्रालयका सूचनाहरु मन्त्रालयको सूचना पाटी, स्थानिय देखि राष्ट्रिय पत्रपत्रिकाहरु र मन्त्रालयको वेवसाईट www.moh.gov.np मा समेत प्रकाशन गर्ने गरिएको छ ।